## पाठ – एक

# मण्डलीको अर्थ

## Meaning of the Church

पवित्र धर्मशास्त्र बाइबलले मण्डलीको बारेमा उल्लेख गरेको कुरा कसैले इन्कार गर्न सक्दैनन् । तर यो कसको मण्डली हो? कस्तो मण्डली हो? मण्डली के हो? यी प्रश्नहरु लगाएत अरु कुरा बारे समयमै उत्तर दिइनेछ, तर अहिले हामी मण्डली के हो भन्ने बारे बुझ्न चाहन्छौं । मण्डली के होइन भन्ने कुरालाई औल्याउँदै यसलाई शुरुवाट गरौं । मण्डलीलाई बाइबलमा व्याख्या गरे अनुसार यो क्याथोलिक, प्रोटेस्टेन्ट वा यहूदी होइनन् । यो सम्प्रदाय वा कुनै खण्डित वर्ग पनि होइन् । यो कुनै राजनैतिक वा सामाजिक संगठन पनि होइन्, न त कुनै संसारिक भेला हुने भवन नै हो । यसकारण यदि यी सबै कुरा होइनन् भने, यो के हो? बहुसंख्यक मानिसहरुले मण्डलीलाई बुझ्नु भएको छैनन् किनभने यो के हो भन्ने बारेमा उहाँहरुले जान्नुभएको छैनन् । परिणाम स्वरुप उहाँहरुलाई यसको उद्देश्य, महत्व, वा कामबारे थाहा हुँदैनन् । तर बाइबलले प्रष्टरुपमा यो के हो भनी हामीलाई बताउँदछ । ग्रीक एक्लेसियाबाट "चर्च" शब्द आएको हो, जसको अर्थ "बोलाइएकाहरु" भन्ने लाग्दछ । यसकारण मण्डली भनेको बोलाइएका मानिसहरुको समुह हो, तिनीहरु जो संसारबाट परमेश्वरको प्रिय पुत्रको राज्यमा बोलाएका छन (कलस्सी १:१३) । यो ख्रीष्टको आत्मिकी शरीर हो (१ कोरिन्थी १२:२७) । ख्रीष्टको आज्ञा पालन गरेकाहरुबाट यो बनेको हुन्छ (हिब्रू ५:८,९) । यसकारण तिनीहरु उहाँद्वारा उद्धार पाएर उहाँको मण्डलीमा थपिएका हुन्छन् (मर्कूस १६:१६; प्रेरित २:४७) ।

*उहाँ सर्वोच्च होऊन्"* (कलस्सी १:१८) । अब यी पदहरुले के सिकाउँदछन्? जसरी अघि नै भनिसक्यो कि ख्रीष्ट शरीरको शिर हुनुहुन्छ, जुन मण्डली हो । कतिवटा शिरहरु छन्? केवल एउटै छ, र त्यो ख्रीष्ट हुनुहुन्छ । यो अवस्था कसैसँग पनि बाँड्दैनन् ।

धेरै स्थानिय भुण्डहरु मिलेर मण्डली बनेको हुन्छ, मण्डलीको शिर ख्रीष्ट हुनुहुन्छ, त्यसो भए यसको अर्थ यो हुन्छ कि उहाँ प्रत्येक भुण्ड वा स्थानिय मण्डलीको शिर हुनुहुन्छ । यसको साथसाथै मण्डलीका प्रत्येक सदस्यहरुको पनि शिर हुनुहुन्छ, यसलाई ध्यानमा राख्दै पावल भन्दछ,*"तर तिमीहरुले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ, स्त्रीको शिर तिनको पति हो, अनि ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ"* (१ कोरिन्थी ११:३) ।

हरेक स्थानिय भुण्डको आफ्नै संगठन हुनुपर्छ । जसमा ख्रीष्ट शिर हुनुहुन्छ, मण्डलीको भौतिक र आत्मिक आवश्यकताहरुलाई पुरा गर्नको निम्ति मण्डलीका सदस्यहरुबाट एल्डरहरु र डिकनहरु नियुक्त गर्नुपर्छ । एल्डरहरुले सदस्यहरुका आत्मालाई निगरानी गर्दछ (हिब्रू १३:७); डिकनहरुले भौतिक आवश्यकताहरुलाई हेर्ने गर्दछन् । गर्दछन् (प्रेरित ६) । सदस्यहरुलाई एकजना एल्डर र एकजना डिकनले शासन गर्नुको सट्टामा धर्मशास्त्रले जहिले पनि प्रत्येक भुण्डमा एल्डरहरु र डिकनहरुलाई बहुवचन शब्दमा प्रयोग गरेका कुरा पनि याद गर्नुपर्छ । कुनै एउटा भुण्डको एल्डरहरु र डिकनहरुले अर्को भुण्ड वा भुण्डहरुका समुहलाई नियन्त्रण गरेका हुँदैनन् । भुण्डहरु एक अर्कामा संगति गर्दछन् तर एक अर्कामाथि कहिल्यै पनि नियन्त्रण गर्ने अभ्यास गर्दैनन् ।

एल्डर, पास्टर, बिशप, गोठाला, रखवाला र प्रेसबिटर शब्दहरुको सन्दर्भले एउटै कामलाई जनाउँदछ । यसरी एल्डर, पास्टर र बिशप पनि हो । तीतस १:५-९ मा पावलले एल्डरहरुका योग्यताहरुको सूची दिन्दछन्: *"यसैकारण मैले तिमीलाई क्रेटमा छोडें,*

उद्धार हुन सक्छ?
(१५) बप्तिस्माको उद्देश्य के हो?
(१६) राज्य के हो?
(१७) कोही मानिस कसरी परमेश्वरको राज्यमा प्रवेश गर्दछ?
(१८) शरीर के हो?
(१९) कतिवटा शरीर छन्?
(२०) मण्डलीमा कसरी प्रवेश गर्न सकिन्छ?
(२१) कति वटा तरीकाबाट उद्धार पाउन सकिन्छ?
(२२) कुन कुन तरीकाबाट मण्डलीमा प्रवेश गर्न सकिन्छ?
(२३) पश्चात्ताप के हो?
(२४) के "विश्वास र आज्ञापालन" र "आत्मा र सत्यता" एउटै कुरा हो कि फरक कुरा हो?
(२५) के विश्वासद्धारा मात्र उद्धार पाइन्छ भन्ने कुरा बाइबलले सिकाउँदछ?

*

